# धनकुटा नगर कार्यपालिका
# कृषि तथा पशु विकास कार्यक्रम संचालन कार्यविधि, २०७४

स्वीकृत मिति : २०७४।९।२....

धनकुटा नगर क्षेत्रमा कृषि तथा पशु विकास कार्यक्रमहरु सञ्चालनको लागि लाभान्वित समुह पहिचान तथा कार्यक्रम प्राथमिकीकरण गर्न मूल्याङ्कन एवम् कार्यक्रम कार्यान्वयनमा सहजताको लागि धनकुटा नगर कार्यपालिकाको कार्यालयले धनकुटा नगर कार्यपालिका कृषि तथा पशु विकास कार्यक्रम संचालन कार्यविधि, २०७४ जारी गरिएको छ ।

## परिच्छेद १
## परिचय

**१. संक्षिप्त नाम :** यो कार्यविधिको नाम **"धनकुटा नगर कार्यपालिका, कृषि तथा पशु विकास कार्यक्रम संचालन निर्देशिका, २०७४"** रहेको छ ।

**२. प्रारम्भ :** यो कार्यविधि धनकुटा नगर कार्यपालिकाको कार्यालयले स्वीकृत गरेको मितिदेखि लागु रहनेछ ।

**३. स्थापना वा दर्ता :** "स्थापना" भन्नाले संस्था स्थापना गरेको मितिलाई जनाउँछ भने संस्था "दर्ता" भन्नाले कृषि विकास कार्यालय वा पशु सेवा कार्यालयमा भएको दर्तालाई जनाउँछ सो शब्दले प्यान तथा भ्याटमा भएको दर्तालाई समेत मानिनेछ ।

**४. संस्था वा समुह :** कार्यविधिमा "संस्था वा समुह" भन्नाले कृषि तथा पशुपालनका लागि नगर क्षेत्रमा वसोवास गर्ने स्थानीय व्यक्तिहरुको सकृयता एवम् सहभागितामा गठित समुह भन्ने बुझ्नु पर्छ ।

**५. कोष :** कार्यविधिमा "कोष" भन्नाले समुहका सदस्यहरुबाट नियमित रुपमा संकलन गरिने सदस्यता शुल्क तथा समुहले तोकेको अन्य शुल्क जम्मा हुने गरी संस्थाको नामा खोलिएको कोष भन्ने बुझाउँछ ।

**६. सदस्य :** कार्यविधिमा "सदस्य" भन्नाले समुहमा सदस्यता लिने व्यक्तिलाई जनाउँछ ।

**७. बैठक :** कार्यविधिमा "बैठक" भन्नाले समुहको नियमित बैठक भन्ने बुझ्नु पर्छ । नियमित बैठक भन्नाले संस्था वा समुहको कम्तीमा बर्षमा ६ पटक बैठक बसेको संख्यालाई मानिनेछ ।

## परिच्छेद २
## समुह/संस्था छनौट सम्बन्धी प्रकृया

**८. छनौट समिति :** कार्यविधि अनुसारको संस्था वा समुह छनौटका लागि निम्नानुसार छनौट समिति रहनेछ ।
क. संयोजक : प्रमुख प्रशासकीय अधिकृत
ख. सदस्य : आर्थिक विकास समितिको संयोजक
ग. सदस्य : प्रमुखले तोकेको कार्यपालिकाको सदस्य एक जना महिला सदस्य
घ. सदस्य : कृषि वा पशु विकास शाखा हेर्ने कर्मचारी (सम्बद्ध कार्यक्रम अनुसार एक जना)
ङ. सदस्य सचिव : प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृतस्तरको कर्मचारी ।

समितिको बैठक आवश्यक्ता अनुसार बस्नेछ । बैठक सम्बन्धी कार्यविधि समिति आफैले व्यवस्थीत गरे अनुसार हुनेछ ।

**९. समुह वा संस्था छनौटका आधार :**

कृषि तथा पशु विकास कार्यक्रम संचालनका लागि छनौट गर्दा निम्नानुसार कार्यविधि अवलम्बन गरिनेछ ।

क. नगर क्षेत्र भित्र संचालन गरिने कृषि तथा पशु विकास कार्यक्रम संचालनको लागि समुह वा संस्था छनौट गर्नको लागि अनुसूची – १ अनुसारको ढाँचामा १५ दिने सार्वजनिक सूचना प्रकासित गरी वडास्तरबाट माग फाराम सङकलन गरिनेछ ।

ख. सार्वजनिक सूचना गर्दा नगर कार्यपालिकाको कार्यालयको सूचनापाटी, बेबसाईट तथा हरेक वडा कार्यालयहरुमा टाँस गरी सर्वसाधारणलाई जानकारी गराईनेछ ।

ग. कृषक समुह वा संस्थाहरुले सार्वजनिक सूचना गरे अनुसारको माग फाराम पेश गर्दा अनुसूची – २ वा अनुसूची – ३ अनुसारको ढाँचामा पेश गर्नु पर्नेछ ।

घ. समुहको विस्तृत विवरण पेश गर्दा अनुसूची –४ वा अनुसूची –५ बमोजिमको ढाँचामा विवरण तयार गरी माग फाराम साथमा पेश गर्नु पर्नेछ ।

ङ. समुह वा संस्थाले माग फाराम पेश गर्दा समुहको निर्णय, वडा कार्यालयको सिफारिस अनिवार्य पेश गर्नु पर्नेछ ।

**१०. मापन सूचक :** समुह वा संस्था छनौटका लागि विषय क्षेत्रको आधारमा अनुसूची – ६ वा अनुसूची – ७ बमोजिमको सूचकहरुलाई माग पेश गरेको फाराममा उल्लेखित विवरणसंग तुलनात्मक अध्ययन तथा विश्लेषण गरी अनुसूचीमा तोकिएको मापदण्ड अनुसार मापन गरिनेछ ।

## परिच्छेद – ३

## विविध

**११. कार्य योजना तथा कार्य तालिका :** कृषि तथा पशु विकास कार्यक्रम संचालनको लागि सम्बद्ध आर्थिक बर्षको बजेट अनुसार तोकिएको कार्यक्रममा बजेट स्वीकृत भएपछि सो बजेट खर्च सम्बन्धी कार्य योजना तथा कार्य तालिका विषयगत शाखाले तयार गरी कार्यपालिकाको कार्यालयबाट स्वीकृत गराउनु पर्नेछ ।

**१२. नतिजा प्रकासन एवम् सम्झौता :** संस्था वा समुह छनौटका लागि पेश भएको माग फारामको मापन गरी सूचना प्रकासित गर्ने कार्य माग पेश गर्ने सूचनाको म्याद सकिएको १५ दिन भित्र मापन गरी छनौटको नतिजा प्रकासित गरी अनुदान तथा सामाग्रीको उपलब्धता प्राप्ती सम्बन्धी प्रकृया उल्लेख गरी सम्बद्ध पक्षसंग सम्झौता गरिनेछ ।

**१३. आवश्यक प्रमाणहरु :** कार्यविधि कार्यान्वयनका लागि आवश्यक प्रमाणहरु कार्यक्रम छनौटका लागि अनुसूची–१ अनुसारको सूचनाको ढाँचामा तोकिए बमोजिमको कागजातहरु भन्ने बुझ्नु पर्छ । सार्वजनिक सूचनामा तोकिएका आवश्यक कागजात पेश गर्नु सम्बद्ध संस्था वा समुहको कर्तव्य हुनेछ । गलत विवरण पेश गरेको प्रमाणित हुन आएमा पेश भएको प्रस्ताव छनौट समितिले खारेज गरिनेछ ।

**१४. समन्वय अनुमगन तथा सुपरीवेक्षण :** कृषि तथा पशु विकास कार्यक्रम संचालन गर्दा सम्बद्ध वडा कार्यालयहरुसंग समन्वय गरी संचालन गर्नु पर्नेछ र संचालित कार्यक्रमको आवश्यक्ता अनुसार अनुगमन तथा सपरीवेक्षण नगर कार्यपालिका, कार्यपालिकाको कार्यालय, वडा कार्यालय, विषयगत शाखा वा कार्यालयले तोकेको व्यक्तिले गर्नेछ ।

**१५. कार्यविधि परिमार्जन तथा बचाउ :** यो कार्यविधि परिमार्जन धनकुटा नगर कार्यपालिकाको कार्यालयको निर्णयानुसार गरिनेछ र यो कार्यविधिको खारेजी नभएसम्म लागि लागु रहने छ ।

(अनुसूची – १)
कार्यविधिको बुँदा ९ को उपबुँदा (क) संग सम्बन्धित

# धनकुटा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# धनकुटा
# १ प्रदेश, नेपाल

फोन: ०२६-५२०११९, ५२०१४३

पत्र संख्या : २०७४।७५
चलानी नं.

मिति : २०७४।......।.....

**विषय : प्रस्ताव पेश गर्ने सम्बन्धमा ।**

**सूचना ! सूचना !! सूचना !!!**

धनकुटा नगर कार्यपालिकाको चालु आर्थिक बर्ष २०..../......को स्वीकृत कार्यक्रम अनुसार कृषि/पशु विकास कार्यक्रमको लागि विनियोजित पूँजिगत बजेट शिर्षक नं. ...... को ......................................कार्यक्रमको लागि विनियोजित बजेट रु...............................बाट.........वटा समुहका लागि.................................कार्यक्रम संचालन गर्ने उद्धेश्यले नगर क्षेत्र भित्र संचालित कृषक संस्था वा समुह छनौट गर्नु पर्ने भएकाले सूचना प्रकासित भएको मितिले १५ दिन भित्र देहायको प्रमाणहरु सहित तपसिल बमोजिमको अनुसूची फाराममा विवरण उल्लेख गरी सम्बन्धित वडा कार्यालयहरुमा पेश गर्न हुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकासित गरिएको व्यहोरा अनुरोध छ ।

**प्रस्ताव पेश गर्ने प्रकृयाहरु :**

१. सम्बन्धित वडा कार्यालयहरुबाट माग फाराम प्राप्तगरी अनुसूची–२ वा अनुसूची–३ अनुसारको माग फाराम भर्ने ।
२. वडा कार्यालयबाट प्राप्त हुने अनुसूची अनुसूची –४ वा अनुसूची –५ बमोजिमको संस्था वा समुह विस्तृत विवरण फाराम ।
३. संस्था वा समुहको माग पेश गर्ने सम्बन्धी निर्णय ।
४. संस्था वा समुह दर्ता र नविकरण भएको भएमा दर्ता तथा नविकरण प्रमाणपत्रको प्रतिलिपी ।
५. संस्था वा समुहको कोष भएमा कोषको रकम प्रमाणित विवरण ।
६. बुँदा नं. १ देखि ५ सम्मको अनुसूची तथा अन्य विवरण तोकिएको म्याद भित्र वडा कार्यालयमा पेश गरी वडा कार्यालयको सिफारिस गरी सक्नु पर्नेछ ।
७. संस्था वा समुहबाट पेश भएको माग पत्र तथा अन्य कागजातहरु सूचनाको म्याद सकिएको तीन दिन भित्र खामबन्दी गरी सम्बन्धीत वडा कार्यालयले नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।

(अनुसूची – २)
कार्यविधिको बुँदा ९ को उपबुँदा (ग) संग सम्बन्धित

# धनकुटा नगर कार्यपालिकाको कार्यालय, धनकुटा
## कृषि मेसिनरी तथा कृषि अनुदान कार्यक्रमको लागि माग फाराम, २०७४

**१. समुह परिचय :**

समुहको नाम :

समुहको ठेगाना : वडा नं : टोलको नाम :

समुहको अध्यक्षको नामथर : सम्पर्क नम्बर :

समुह स्थापना मिति : नविकरण मिति :

समुहको घरधुरी संख्या :

**२.समुहको सदस्य घरधुरी विवरण**

| महिला सदस्य संख्या | पुरुष सदस्य संख्या | दलित सदस्य संख्या | आदिवासी, जनजाति संख्या | अन्य सदस्य संख्या |
|---|---|---|---|---|
| | | | | |

**३. जग्गा, प्रस्तावित कार्यक्रम र साझेदारी रकम विवरण :**

| समुह सदस्यहरुको जम्मा जग्गा रोपनीमा | माग गरिएको कार्यक्रमको विवरण | | | | माग पेश गर्ने समुहको निर्णय मिति |
|---|---|---|---|---|---|
| | कार्यक्रम वा मेसिनरीको नाम | जम्मा लागत रु | माग गरिएको रकम रु | समुहको साझेदारी रकम रु | |
| | | | | | |

**४. समुहको गतिसिलता :**

क. समुहको जम्मा बैठक संख्या :

ख. संस्थाको कोष स्थापना गरेको भएमा स्थापना मिति : कोषमा रहेको रकम रु.

ग. लेखा परीक्षण गरेको अन्तिम मिति :

घ. पान दर्ता गरेको भएमा दर्ता नम्बर र मिति :

माग पेश गरेको मिति :

माग पेश गर्नेको नामथर : पेश गर्नेको सही :

वडा कार्यालयमा दर्ता नं

वडा कार्यालयमा दर्ता मिति :

**सिफारिस गर्ने**

सामाजिक परिचालकको
नामथर :
सही :

वडा पदाधिकारीको
नामथर :
सही :

(अनुसूची – ३)
कार्यविधिको बुँदा ९ को उपबुँदा (ग) संग सम्बन्धित

# धनकुटा नगर कार्यपालिकाको कार्यालय

## धनकुटा

### उन्नत जातको बाखा पालनको लागि बोका माग फाराम, २०७४

समुहको नाम :
**समुहको** वडा नं
**ठेगाना :** : टोलको नाम :
समुहको अध्यक्षको नामथर : सम्पर्क नम्बर :
समुह स्थापना मिति :
समुहको घरधुरी संख्या :

**<u>समुहको विवरण</u>**

| अति गरिव परिवार | दलित परिवार | आदिवासी जनजाति परिवार | आदिवासी जनजाति परिवार | पिछाडिएको क्षेत्रको परिवार |
|---|---|---|---|---|
| | | | | |

**बाखा तथा जग्गा क्षेत्रको विवरण**

| बाखाको विवरण | | बाखा पालनका लागि चरन तथा घाँस क्षेत्र रोपनीमा | | साझेदारी जनाउने रकम रु |
|---|---|---|---|---|
| माउ | पाठी | चरन क्षेत्र रोपनी | घाँस क्षेत्र रोपनीमा | |
| | | | | |

माग पेश गरेको मिति :
माग पेश गर्नेको नामथर :
सही :

वडा कार्यालयमा दर्ता नं
वडा कार्यालयमा दर्ता मिति :

**<u>सिफारिस गर्ने</u>**

सामाजिक परिचालकको
नामथर :
सही :

वडा पदाधिकारीको
नामथर :
सही :

(अनुसूची – ४)
कार्यविधिको बुँदा ९ को उपबुँदा (घ) संग सम्बन्धित

**धनकुटा नगर कार्यपालिकाको कार्यालयबाट आर्थिक बर्ष २०७४।७५ मा कृषि मेसिनरी तथा कृषि अनुदान कार्यक्रम माग गर्ने वडा नं..........स्थित.......................................समुहका सदस्यहरुको विवरण, २०७४ ।**

| क्र.स. | समुह सदस्यको विवरण | | जग्गाको विवरण रोपनीमा |
|---|---|---|---|
| | नामथर | मोवाईल नम्बर | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

(अनुसूची – ५)
कार्यविधिको बुँदा ९ को उपबुँदा (घ) संग सम्बन्धित

**धनकुटा नगर कार्यपालिकाको कार्यालयबाट आर्थिक बर्ष २०७४।७५ मा बाखापालनको लागि पकेट क्षेत्रका समुहमा उन्नत जातको बोका माग गर्ने वडा नं..........स्थित......................................समुहका सदस्यहरुको विवरण, २०७४ ।**

| क्र. स. | समुह सदस्यको विवरण | | जग्गाको विवरण रोपनीमा | | बाखा पालनको अवस्था | | |
|---|---|---|---|---|---|---|---|
| | नामथर | मोवाईल नम्बर | जम्मा जग्गा | घाँस क्षेत्र | माउ | पाठी | जम्मा |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

(अनुसूची – ६)
कार्यविधिको बुँदा १० संग सम्बन्धित

**धनकुटा नगर कार्यपालिकाको कार्यालयबाट आर्थिक बर्ष २०७४।७५ मा कृषि मेसिनरी वितरण, कृषि अनुदान वितरणका लागि तयार गरिएको छनौटका आधारहरु ।**

**वडा नं. :** **टोलको नाम :**

**समुहको नाम :**

| **क्र.स.** | **विवरण** | **अंकभार** | **मूल्याङ्कन अंक** | **कैफियत** |
|---|---|---|---|---|
| **१** | **समुह स्थापना समयावधि** | **२०** | | |
| | १० बर्ष भन्दा पुरानो | २० | | |
| | ५ बर्ष पुरानो | १५ | | |
| | ३ बर्ष पुरानो | १० | | |
| | १ बर्ष पुरानो | ५ | | |
| | नयाँ गठन भएको | ३ | | |
| **२** | **समुह घरघुरी** | **२०** | | |
| | २५ घर भन्दा माथि | २० | | |
| | २१–२५ घरधुरी सम्म | १५ | | |
| | १५–२० घरधुरी सम्म | १० | | |
| | १५ घरधुरी भन्दा कमी | ५ | | |
| **३** | **लक्षीत क्षेत्र** | **२०** | | |
| **क.** | **जातिय संरचना** | १० | | |
| | २० प्रतिशत भन्दा बढी दलित भएमा | ४ | | |
| | २० प्रतिशत भन्दा कमी दलित भएमा | ३ | | |
| | ५० प्रतिशत भन्दा बढी आदिवासी जनजाति भएमा | ४ | | |
| | ५० प्रतिशत भन्दा कमी आदिवासी जनजाति भएमा | ३ | | |
| | ३० प्रतिशत भन्दा कमी अन्य जाति भएमा | २ | | |
| | ३० प्रतिशत भन्दा बढी अन्य जाति भएमा | १ | | |

| | | | | |
|---|---|---|---|---|
| **ख.** | **समुह सदस्यको लैङ्गिक आधार** | १० | | |
| | ५० प्रतिशत भन्दा बढी महिला सहभागिता भएमा | १० | | |
| | ५० प्रतिशत भन्दा कमी महिला सहभागिता भएमा | ५ | | |
| **४** | **समुहबाट साझेदारी रकम प्रतिशत** | **२०** | | |
| | ५० प्रतिशत भन्दा बढी रकम | २० | | |
| | ४१ – ५० प्रतिशत सम्म रकम | १५ | | |
| | ३१ – ४० प्रतिशत सम्म रकम | १० | | |
| | २१– ३० प्रतिशत सम्म रकम | ५ | | |
| | २० प्रतिशत वा सो भन्द कमी रकम | ३ | | |
| **५** | **संस्थाको गतिसिलता** | **१०** | | |
| क. | संस्था नविकरण गरेको भएमा | २ | | |
| ख. | नियमित बैठक (बार्षिक ६ पटक सम्म) बसेको भएमा | २ | | |
| ग. | संस्थाको कोष स्थापना गरेको भएमा | २ | | |
| घ. | लेखा परीक्षण नियमित गरेको भएमा | २ | | |
| ङ. | पान दर्ता गरेको भएमा | २ | | |
| **६** | **चरन क्षेत्र तथा घाँस खेती** | **१०** | | |
| | १०० रोपनी भन्दा बढी | १० | | |
| | ७० रोपनी भन्दा बढी १०० रोपनी सम्म | ६ | | |
| | ५० रोपनी भन्दा बढी ७० रोपनी सम्म | ३ | | |
| | ५० रोपनी भन्दा कमी | २ | | |
| | **कुल जम्मा** | **१००** | | |

(अनुसूची – ७ )
कार्यविधिको बुँदा १० संग सम्बन्धित

**धनकुटा नगर कार्यपालिकाको कार्यालयबाट आर्थिक बर्ष २०७४।७५ मा बाखापालनको लागि पकेट क्षेत्रका समुहमा उन्न्त जातको बोका वितरणको लागि तयार गरिएको छनौटका आधारहरु ।**

**वडा नं.** **टोलको नाम :** **समुहको नाम :**

| क्र.स. | विवरण | अंकभार | मूल्याङ्कन अंक | कैफियत |
|---|---|---|---|---|
| **१** | **समुह स्थापना समयावधि** | **२०** | | |
| | १० बर्ष भन्दा बढी पुरानो | २० | | |
| | ५ बर्ष देखि १० बर्ष सम्म पुरानो | १५ | | |
| | १ बर्ष देखि ५ बर्ष सम्म पुरानो | १० | | |
| | १ बर्ष सम्म वा नयाँ गठन भएको | ५ | | |
| **२** | **लक्षीत क्षेत्र** | **२०** | | |
| **क.** | **जातिय संरचना** | १० | | |
| | २० प्रतिशत भन्दा बढी दलित भएमा | ४ | | |
| | २० प्रतिशत भन्दा कमी दलित भएमा | ३ | | |
| | ५० प्रतिशत भन्दा बढी आदिवासी जनजाति भएमा | ४ | | |
| | ५० प्रतिशत भन्दा कमी आदिवासी जनजाति भएमा | ३ | | |
| | ३० प्रतिशत भन्दा कमी अन्य जाति भएमा | २ | | |
| | ३० प्रतिशत भन्दा बढी अन्य जाति भएमा | १ | | |
| **ख.** | **समुह सदस्यको लैङ्गिक आधार** | १० | | |
| | ५० प्रतिशत भन्दा बढी महिला सहभागिता भएमा | १० | | |
| | ५० प्रतिशत भन्दा कमी महिला सहभागिता भएमा | ५ | | |
| | ३० घर भन्दा माथि | १० | | |
| | ३० घर सम्म | ५ | | |
| **३** | **बाखाको माउ तथा पाठी संख्या** | **२०** | | |
| | १०० भन्दा बढी | २० | | |
| | ७१ देखि १०० सम्म | १५ | | |
| | ५१ देखि ७० सम्म | १० | | |
| | ५० सम्म | ५ | | |
| ४ | **चरन क्षेत्र तथा घाँस खेती** | **१०** | | |
| | २०० रोपनी भन्दा बढी | १० | | |
| | १०१ देखि २०० रोपनी सम्म | ५ | | |

| | | | | |
|---|---|---|---|---|
| | ५१ रोपनी देखि १०० रोपनी सम्म | ३ | | |
| | ५० रोपनी सम्म | २ | | |
| **५** | **समुहबाट साझेदारी रकम रु** | **२०** | | |
| | १५ हजार भन्दा बढी | २० | | |
| | १० हजार १ देखि १५ हजार सम्म | १५ | | |
| | ५ हजार १ देखि १० हजार सम्म | १० | | |
| | ५ हजार सम्म | ५ | | |
| **६** | **समुह घरघुरी** | **१०** | | |
| | २५ घर भन्दा माथि | १० | | |
| | २१–२५ घरधुरी सम्म | ५ | | |
| | १५–२० घरधुरी सम्म | ३ | | |
| | १५ घरधुरी भन्दा कमी | २ | | |
| | **कुल जम्मा** | १०० | | |